SPOTLIGHT

# Chairman Chaudhary Inaugurates Digital Class Room

***Chairman of Chaudhary Foundation and Member of Parliament Binod Chaudhary inaugurated the digital class rooms in Nawalpur of Nawalparasi district amid a function on Sunday.***

- By
- NEW SPOTLIGHT ONLINE

June 18, 2018, 10:38 a.m.



Chairman of Chaudhary Foundation and Member of Parliament Binod Chaudhary inaugurated the digital class rooms in Nawalpur of Nawalparasi district amid a function on Sunday. According to a press release issued by Foundation, Chaudhary group has introduced digital class room concept in three schools. The concept is introduced to provide access to Nepalis children in Information of and technology based on global study.

Inaugurating the class room, chairman and MP Chaudhary said the definition of global literacy has changed. As English language and computer education are regarded as basic requirement for literacy, Nepal also needs to provide both the education to the children.

"To make our children competent in the global sector, Nepal does not have other option than to teach Nepalis children in English and Computer. Our support is the parts of the campaign and we are happy to be a part to make Nepalese children global," said Chaudhary.

In the first phase, two schools from Nawalpur and one school in Sindhupalchwok district selected for digital class room project. The schools include Shanti Shreejana Primary School of Dev Chuli Municipality and Kalika Basic School of Kawasoti Municipality Nawalparasi and Mahakali Higher Secondary School of Giranchaur of Sindhupalchwok.

Under the project, Foundation provided seven lap tops, four desktops 32 inch LG TV and project to each school. The foundation will support will support to extend the class room.

Addressing the program, managing Director of Chaudhary Group Nirvan Chaudhary said that this is a first step of Chaudhary group to provide international level education to the children.




Story Link: [https://www.spotlightnepal.com/2018/06/18/chairman-chaudhary-inaugurates-digital-class-room/](https://www.spotlightnepal.com/2018/06/18/chairman-chaudhary-inaugurates-digital-class-room/)

onlinekhabar

# चौधरी फाउण्डेसनद्वारा ३ विद्यालयमा डिजिटल क्लासरूमको अवधारणा लागू

४ असार, काठमाडौं । चौधरी फाउण्डेसनले तीन विद्यालयमा 'डिजिटल क्लासरूम'को अवधारणा कार्यान्वयनमा ल्याएको छ ।

फाउण्डेसनले पहिलो चरणमा नवलपुरका दुई र सिन्धुपाल्चोकको एक विद्यालय डिजिटल क्लासरूम परियोजनाका लागि छनोट गरेको हो । जसअनुसार अब नवलपुर देवचुली नगरपालिकास्थित शान्ति श्रृजना आधारभूत विद्यालय र कावासोती नगरपालिकास्थित कालिका आधारभूत विद्यालयमा अब डिजिटल क्लासरुम सञ्चालनमा आउनेछन् । सिन्धुपाल्चोकको महाकाली माध्यमिक विद्यालय, गिरानचौर पनि फाण्डेसनको छनोटमा परेको छ ।

सूचना–प्रविधिमा आधारित विश्वव्यापी अध्ययन–अध्यापनको पहुँच नेपाली पुर्याउन अवधारणा अघि बढाइएको फाण्डेसनले जनाएको छ ।

चौधरी फाउण्डेसनका अध्यक्ष एवं सांसद् विनोद चौधरीले नवलपुरका दुई विद्यालयमा स्थापित डिजिटल क्लासरूमको शनिबार छुट्टाछुट्टै कार्यक्रमका बीच उदघाटन गरे ।

यस परियोजना अन्र्तगत पहिलो चरणमा प्रत्येक विद्यालयले सातवटा ल्यापटप, चारवटा डेक्सटप, ३२ इन्चको एउटा एलजी टेलिभिजन र प्रोजेक्टर प्राप्त गरेका छन् । डिजिटल क्लासरूमको विस्तारमा पनि फाउण्डेसनले सहयोग गर्नेछ ।

उदघाटन समारोहमा बोल्दै अध्यक्ष चौधरीले विश्वमा अहिले साक्षरताको परिभाषा परिवर्तन भएको भन्दै कम्प्युटर शिक्षा र अंग्रेजी भाषाको ज्ञान भएको व्यक्तिलाई मात्रै साक्षर मान्ने प्रचलन विकास भएको बताए । विश्वव्यापी यस्तो वातावरणमा नेपाली बालबालिकाको भविष्य सुरक्षित बनाइदिन कम्प्युटर, इन्टरनेटका माध्यमद्वारा डिजिटल क्लासरूमहरू स्थापना गर्नुको विकल्प नरहेको उनले बताए ।

सरकारी विद्यालयबाट शुरू गरिएको अभियान प्रभावकारी हुने विश्वास फाण्डेसनका अध्यक्ष चौधरीले व्यक्त गरे ।

चौधरी ग्रुपका प्रवन्ध निर्देशक निर्वाण चौधरीले नेपाली बालबालिकालाई अन्तर्राष्ट्रिय शैक्षिक वातावरण प्रदान गर्न फाउण्डेसनले पहिलो पाइला चालेको बताए ।

डिजिटल कक्षा सञ्चालन गर्न फाउण्डेसनले सूचना प्रविधिमा दख्खल शिक्षकलाई तालिम पनि प्रदान गरेको छ ।

फाउण्डेसनले डिजिटल कक्षा सञ्चालन गरिएका विद्यालयसहित पाँचविद्यालयमा शुद्ध खानेपानीको व्यवस्था समेत मिलाएको छ । सकलादेवी माध्यमिक विद्यालय, नवजागरण आधारभूत विद्यालय, कालिका आधारभूत विद्यालय र राष्ट्रिय आधारभूत विद्यालयमा फाउण्डेसनले खानेपानीको व्यवस्था मिलाएको हो ।

*२०७५ असार ४ गते ८:१५ मा प्रकाशित*

Story Link: https://www.onlinekhabar.com/2018/06/686795

सेतोपाटी
नेपालको डिजिटल पत्रिका

# चौधरी फाउन्डेसनको तीन विद्यालयमा ‘डिजिटल क्लास रूम’

**सेतोपाटी** काठमाडौं, असार ३



चौधरी फाउण्डेसनले तीन वटा विद्यालयमा ‘डिजिटल क्लास रूम’को अवधारणा कार्यान्वयनमा ल्याएको छ।

सूचना प्रविधिमा आधारित विश्वब्यापी अध्ययन तथा अध्यापनको पहुँचमा नेपाली बालबालिकालाई पुर्याउने सोचले यसलाई कार्यान्वयनमा ल्याइएको सिजीले जनाएको छ।

पहिलो चरणमा नवलपुरका शान्ति श्रृजना आधारभूत र कालिका आधारभूत विद्यालय तथा सिन्धुपाल्चोकको महाकाली माध्यमिक विद्यालयमा डिजिटल क्लास रुम कार्यान्वयमा आएको हो।

फाउन्डेसनका अध्यक्ष एवं सांसद विनोद चौधरीले नवलपुरका विद्यालयमा डिजिटल क्लास रूमको शनिवार छुट्टाछुट्टै उद्घाटन गरे।

यस परियोजना यसअन्तर्गत प्रत्येक विद्यालयले सात वटा ल्यापटप, चारवटा डेक्सटप, ३२ इन्चको एउटा एलजी टिभी र प्रोजेक्टर प्राप्त गरेका छन्। डिजिटल क्लास रूमको विस्तारमा पनि फाउन्डेसनले सहयोग गर्ने जनाएको छ।

सो अवसरमा चौधरीले विश्वमा साक्षरताको परिभाषा परिवर्तन भएको भन्दै कम्प्युटर शिक्षा र अंग्रेजी भाषाको ज्ञान भएको व्यक्तिलाई मात्रै साक्षर मान्ने प्रचलन विकास भएको बताए। विश्वब्यापी यस्तो वातावरणमा नेपाली बालबालिकाको भविष्य सुरक्षित बनाईदिन कम्प्युटर, इन्टरनेटका माध्यमद्वारा डिजिटल क्लासरूमहरू स्थापना जरुरी रहेको उनको भनाइ छ।

'डिजिटल क्लास रूममार्फत् मात्रै विद्यार्थीहरूलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन सम्भव हुनेछ', उनले भने 'शिक्षाको गुणस्तर सुधार्न यो अभियानलाई द्रुत गतिमा राष्ट्रब्यापी बनाउन आवस्यक छ।'

चौधरी ग्रुपका प्रवन्ध निर्देशक निर्वाण चौधरीले नेपाली बालबालिकालाई अन्तर्राष्ट्रिय शैक्षिक वातावरण प्रदान गर्ने लक्ष्यमा यो प्रारम्भिक पाइला भएको बताए।

डिजिटल क्लासरूम संचालन गरिएका विद्यालयसहित पाँच विद्यालयमा 'वाटर फिल्ट्रेसन सिस्टम'द्वारा शुद्ध खानेपानीको व्यवस्था समेत मिलाइएको फाउन्डेसनले जनाएको छ।

फाउन्डेसनका अनुसार शान्ति श्रृजना आधारभूत विद्यालय, सकलादेवी माध्यमिक विद्यालय, नवजागरण आधारभूत विद्यालय, कालिका आधारभूत विद्यालय र राष्ट्रिय आधारभूत विद्यालयमा शुद्ध पानीको व्यवस्था मिलाइएको छ।

*प्रकाशित मिति: आईतबार, असार ३, २०७५ ०५:५७:००*

Story Link: https://setopati.com/index.php/kinmel/information-technology/161951